संघीय संसद
प्रतिनिधि सभा
दशौं अधिवेशन
बैठक संख्या - ६

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल फागुन ८ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:५० बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ हुने बित्तिकै नेपाल कम्युनिष्ट पार्टी (एमाले)का मा० सदस्यहरू सभामुख आशन अगाडिको वेलमा आई विभिन्न नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

यसैबीच निम्नलिखित मा० सदस्यहरुले हात उठाएर समय माग गर्नु भई आजको दैनिक कार्यसूचीमा रहेको "नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन बीच भएको अनुदान सहायता सम्झौता" माथि असहमति प्रकट गर्दै आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री देवप्रसाद गुरुङ
२. मा० श्री भिमबहादुर रावल
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री दुर्गा पौडेल

तत्पश्चात सम्माननीय सभामुखले विगत लामो समयदेखि जारी अवरोधका कारण संसद सुचारु हुन सकिरहेको छैन । यसबाट राज्य सञ्चालनका सम्पूर्ण पक्ष र आयामहरुमा प्रभाव परिरहेको छ । राष्ट्रिय महत्वका विषयवस्तुहरुलाई समेत छलफलमा ल्याई निष्कर्षमा पुग्नुपर्ने अवस्थामा जारी अवरोधले थप प्रतिकुलता सिर्जना गरेको व्यहोरा हामीलाई अवगत नै छ । दलका शीर्ष नेताहरु, सांसदहरु, संविधानविद्, कानूनविद्, सञ्चारजगत, बुद्धिजिवी एवं लब्धप्रतिष्ठित व्यक्ति व्यक्तित्वहरुको सार्वभौम संसदमा छलफल होस् भन्ने भावनाको समेत सम्मान गर्दै नेपाली समाजलाई थप ध्रुवीकरण हुनबाट रोक्न पनि राष्ट्रिय महत्वका विषयवस्तुलाई कार्यसूचीमा समावेश गरी छलफल गरिनु उपयुक्त हुन्छ भन्ने लागेका हुँदा अहम् महत्वका विषयहरुलाई आजको कार्यसूचीमा समावेश गरिएको छ भन्नुहुँदै सोही मान्यतालाई आत्मसात् गर्दै छलफलको वातावरण बनाउन सम्बद्ध सबैलाई सहयोगको लागि अपिल गर्दै कार्यसूचीलाई अगाडि बढाउन यहाँहरुबाट सहयोग हुने आशा एवम् विश्वास राख्दछु भन्नुभयो ।

त्यसपछि पनि नारा लगाउने क्रम जारी रहेपछि सम्माननीय सभामुखले दैनिक कार्यसूचीको कार्यक्रम अगाडि बढाउनु भएपछि सम्माननीय सभामुखको अनुमतिले प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले "लोक सेवा आयोग विधेयक, २०७५" का सम्बन्धमा राष्ट्रिय सभाबाट संशोधन सहित प्राप्त सन्देश टेबुल गर्नुभयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री दिलेन्द्रप्रसाद बडुले "राष्ट्रिय समावेशी आयोगको तेस्रो वार्षिक प्रतिवेदन आ.व. २०७७/०७८" पेश गर्नुभयो ।

तत्पश्चात मा० अर्थ मन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले सम्झौताले नेपाललाई हुने फाइदा, पर्न सक्ने असर र नेपाल सरकारको सम्झौता प्रतिको धारणा सहित"नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन बीच भएको अनुदान सहायता सम्झौता" प्रस्तुत गर्नुभयो ।

तदनन्तर अर्को बैठक २०७८ साल फागुन १२ गते बिहीबार दिनको १:०० बजे बस्नेगरी दिनको २:२० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव